# नीलकण्ठ राजपत्र

**नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित**

**खण्डः ९)    धादिङवेसी, धादिङ    (संख्याः १    मितिः २०८२।०३।०७**


**भाग - १**

नीलकण्ठ नगरपालिका

## नीलकण्ठ नगरपालिकाको आर्थिक ऐन, २०८२

नीलकण्ठ नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः**

नीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम नीलकण्ठ नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नीलकण्ठ नगरपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि नीलकण्ठ नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **घरजग्गा करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूची-१ बमोजिम घरजग्गा कर लगाइनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूची-२ बमोजिम भूमि कर (मालपोत) लगाइनेछ ।

४. **वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची-३ बमोजिम घर जग्गा वहाल कर लगाइनेछ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-५ बमोजिमको कर लगाइनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची-६ बमोजिम सवारी साधन कर लगाइनेछ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-७ बमोजिम विज्ञापन कर लगाइनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर:** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची-८ बमोजिम व्यवसाय कर लगाइनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क:** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची-९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइनेछ ।

११. **पार्किङ शुल्क:** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची-१० बमोजिम पार्किङ शुल्क लगाइनेछ।

१२. **सेवा शुल्क दस्तुर:** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि-११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइनेछ ।

१३. **पर्यटन शुल्क:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची-१२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१४. **फोहोर मैला ब्यबस्थापन शुल्क:** नगरपालिकाको फोहोरमैला ब्यबस्थापन गरेबापत अनुसूची-१३ मा उल्लिखित दरमा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१५. **कर छुट:** करका दर घटाउन, बढाउन वा छुट दिन सक्नेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिकाले आवश्यकता अनुसार यो ऐन बमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल, जरीवाना र करका दर घटाउन, बढाउन वा त्यस्ता दस्तुर, शुल्क, महसुल, जरीवाना र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

१७. **जरीवाना:** नगरपालिका क्षेत्र भित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय वा फोहर मैला गर्ने तथा प्रचलित कानून बिपरीतका कार्य गर्नेलाई उपप्रमुखको निर्णय बमोजिम रु. पाँच सय देखि पच्चीस हजार सम्म जरीवाना गर्न सकिनेछ । तर, त्यसरी जरीवाना गर्दा सम्बन्धित व्यक्तिलाई आफ्नो तर्फबाट सफाई पेश गर्ने अधिकारबाट बन्चित गरीने छैन ।

१८. **जरीवाना सम्बन्धी व्यवस्था:** (१) नगरपालिकाको विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरीवानालाई सेवासँग आबद्ध गरी अनिबार्य असुलउपर गरी सेवा प्रवाह गर्नु पर्नेछ। नगरपालिकाले प्रदान गर्ने कुनै पनि सेवा प्रवाह गर्नु पूर्व निज कर दाताले नगरपालिकालाई तिर्नुपर्ने कर तिरेको कुरा पुष्टि गर्ने कागजात अनिवार्य रुपमा संकलन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरीवाना नलिई कुनै पनि कर्मचारी वा जनप्रतिनिधिले सेवा प्रदान गरेमा सो बापतको कर, शुल्क, दस्तुर तथा जरीवाना सहितको रकममा त्यति नै रकम थप गरी निज जिम्मेवार कर्मचारी तथा पदाधिकारी सँग नगरपालिकाले असुल उपर गर्नु पर्नेछ ।

(३) कुनै व्यवसायलाई लाग्ने करका दर यस ऐनको अनुसुचीमा उल्लेख नगरीएको भएमा नगरप्रमुखले सोहि प्रकृतिको अन्य व्यवसायमा लाग्ने करका दरलाई सन्दर्भ लिइ रु. पाँच सय देखि बीस हजार सम्म करको भार पर्ने गरी सो व्यवसायको करको दर निर्धारण गर्न सक्नेछ र रु. विस हजार भन्दाबढी हुने भएमा नगर कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ। सो करको दर लाइ लगत्तै बस्ने नगरसभा समक्ष अनुमोदनका लागि

पेश गर्नु पर्नेछ।

१९. **जरीवाना तथा सजाय:** यस ऐन बमोजिम आफनो कर्तव्यपालना गर्ने सिलसिलामा नगरपालिकाको कर्मचारी तथा जनप्रतिनिधिलाई बाधा विरोध गरेमा वा अन्य कुनै रुपमा यस ऐनको कार्यान्वयनमा बाधा विरोध गरेमा सो कार्य गर्ने व्यक्तिलाई भौतिक क्षति भएको बाहेक पाँच हजार रुपैयाँ देखि एक लाख रुपैयाँ सम्म जरिवानाको सजाय हुनेछ ।

२०. **पुरस्कार र सुराकी खर्चका व्यवस्था:** (१) कुनै व्यक्तिले आफ्नो करको दायित्व सम्पूर्ण वा केही अंश छलेको वा छल्ने कोशिस गरेको प्रमाण सहितको सूचना दिने व्यक्तिलाई त्यस्तो सूचनाको आधारमा असुल उपर गरिएको करको रकम मध्ये निजले पेश गरेको प्रमाणबाट निर्धारण भए जतिको कर रकमको बीस प्रतिशत बराबरको रकम नगर प्रमुखको निर्णयले पुरस्कार दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम पुरस्कार पाउने व्यक्ति एक भन्दा बढी भएमा पुरस्कारको रकम समानुपातिक रुपमा दिइनेछ।

(३) उपदफा (१) बमोजिमको सूचना दिने व्यक्तिको नाम, थर र वतन गोप्य राखिनेछ।

(४) यस दफा बमोजिमका सुविधा नगरपालिकाको कर्मचारी तथा जनप्रतिनिधिको हकमा लागु हुने छैन।

२१. **बाधा अडकाउ फुकाउने अधिकार:** यो ऐनको कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा वा ऐनमा उल्लेख भएका क्षेत्र र शिर्षकभन्दा नयाँ प्रकृतिका व्यवसाय सम्पर्कमा आएमा नगर प्रमुखले राजस्व परामर्श समितिको सिफारिसमा त्यस्तो बाधा अडकाउ फुकाउन वा राजश्व दस्तुर तोक्न आवश्यक आदेश जारी गर्न सक्नेछ। त्यस्तो आदेश जारी भए पछि तत्काल पछि बसेको नगरसभा समक्ष अनुमोदनका लागि पेश गर्नु पर्नेछ ।आदेश अनुमोदन नभएमा स्वतः खारेज हुनेछ ।

## अनुसूची १

(ऐनको दफा २ सँग सम्बन्धित)

## घरजग्गा कर

**घरजग्गा कर:** आ.व. २०८२/०८३ को २०८२ श्रावण १ गतेबाट  घरजग्गा कर प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। घरजग्गा करको मूल्यांकन आधार र दररेट निम्नानुसार छ ।

### मुल्याङकनको आधारहरु

**क. जग्गा तर्फः**

मालपोत कार्यालय धादिङले रजिष्ट्रेशन पास प्रयोजन निमित्त नगरक्षेत्रमा निर्धारण गरेको न्युनतम् दररेटलाई न्यूनतम दररेट कायम गरी जग्गाको मुल्यांकन गरिनेछ । सो भन्दा माथि दररेट राखी स्वघोषणा गर्ने करदाताको सोहि घोषित दररेटमा मुल्यांकन गरिनेछ । स्वःघोषणा गरेको खण्डमा कम्तिमा ३ बर्षसम्म घोषित दररेटमा घटने गरी पुर्नमूल्याङ्कन हुनेछैन।

**ख. घर तथा भौतिक संरचना तर्फः** घरजग्गा कर निर्धारण प्रयोजनका लागि घर तथा भौतिक संरचनाहरुको मूल्याङकन दररेट देहाय बमोजिम वा स्वघोषणा अनुसार देहायको दररेटमा कम नहुने गरी मुल्यांकन गरिनेछ ।

| प्रकार | ह्रासकट्टी दर प्रतिशत | दररेट (प्रतिवर्ग फिट) आ.व. २०८१/८२ | दररेट (प्रतिवर्ग फिट) आ.व. २०८२/८३ |
|---|---|---|---|
| आर सि. सि. फ्रेम स्टक्चर | २ | २०००।०० | २०००।०० |
| सिमेन्ट जोडाइ इटा वा ढुंगाको गारो र आर सि.सि छाना भएका घरहरु | २.५ | १५००।०० | १५००।०० |
| माटोको जोडाइ इटा वा ढुंगाको गारो आर.सि.सि.छाना भएका घर | ३ | ६००।०० | ६००।०० |
| सिमेन्ट जोडाइ इटा,ढुगा वा ब्लकको गारो जस्ता छाना भएका घरहरु | २ | ६००।०० | ६००।०० |
| माटोको जोडाइ इटा र ढुगा वा ब्लकको गारो जस्ता छाना भएका घरहरू | ३ | ४००।०० | ४००।०० |
| सिमेन्ट जोडाइमा इटा वा ढुगाको गारो भइ टायलको छाना भएका घरहरु | ३ | ४००।०० | ४००।०० |
| काठको घर | ५ | २००।०० | २००।०० |

**ग. घरजग्गा  करको दर**

| क्र.सं. | मुल्याङ्कन रकम (रु. मा) | | | | आ.व. २०८१/८२ घर जग्गा कर (रु. मा) वार्षिक | आ.व. २०८२/८३ घर जग्गा कर (रु. मा) वार्षिक |
|---|---|---|---|---|---|---|
| १ | रु.  ५ लाखसम्म | | | | १००/- | १००/- |
| २ | ५ लाख १ | देखी | १० लाख | सम्म | ३००/- | ३००/- |
| ३ | १० लाख १ | देखी | १५ लाख | सम्म | ४००/- | ४००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | १५ लाख १ | देखी | २० लाख | सम्म | ५००/- | ५००/- |
| ५ | २० लाख १ | देखी | ३० लाख | सम्म | ६००/- | ६००/- |
| ६ | ३० लाख १ | देखी | ४० लाख | सम्म | ८००/- | ८००/- |
| ७ | ४० लाख १ | देखी | ५० लाख | सम्म | १२००/- | १२००/- |
| ८ | ५० लाख १ | देखी | ८० लाख | सम्म | २२००/- | २२००/- |
| ९ | ८० लाख १ | देखी | १ करोड | सम्म | ३३००/- | ३३००/- |
| १० | १ करोड १ | देखी | १ करोड ५० लाख | सम्म | ४४००/- | ४४००/- |
| ११ | १ करोड ५१ लाख १ | देखी | २ करोड | सम्म | ५५००/- | ५५००/- |
| १२ | २ करोड १ | देखी | ३ करोड | सम्म | ८८००/- | ८८००/- |
| १३ | ३ करोड १ | देखी | ६ करोड | सम्म | १३०००/- | १३०००/- |
| १४ | ६ करोड १ | देखी | माथिको मुल्याङ्कनमा | सम्म | प्रति हजार २.२५ प्रतिशतका दरले थप | प्रति हजार २.२५ प्रतिशतका दरले थप |

घरजग्गा कर निर्धारणका लागि करदाताले तोकिएको ढांचामा घरको प्रकार र जग्गाको विवरण खुलाउनु पर्नेछ । करदाताले विवरण पेश गर्दा आफ्नो सबै विवरण नखुलाई पेश गरेको कर विवरण अनुसार कर तिरेको भएता पनि सो कुरा पछि जानकारी हुन आएमा लुकाएको घरजग्गाको विवरण पुनः समावेश गरी कर तिर्न आएकोमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा नै समाबेश गरी हालको आधारमा सम्पत्ति मूल्याकन गरि कर निर्धारण गरिने छ । यसरी निर्धारण हुने कर रकमको बराबर जरीवाना थप गरी कर असुल गरिने छ । यसरी जरिवाना थप गर्दा पछिल्लो आ.व. ५० प्रतिशत र सो भन्दा अगाडीको लागि शत प्रतिशत जरिवाना गरिनेछ। घर जग्गा कर लागू हुनु पूर्वको कर नबुझाएकोमा विगत देखि असुल उपर गर्नु पर्दा र यस आ.व.मा घरजग्गा कर निर्धारण गर्दा यसै बमोजिम गरिनेछ।घरगोठ समेत भएको जग्गा बढीमा १ रोपनी सम्मकोमा घरजग्गा कर र बाँकी जग्गामा भुमिकर लगाइने छ।

## अनुसूची २

(ऐनको दफा ३ सँग सम्बन्धित)

### भूमिकर

| जग्गाको क्षेत्रफल | ईकाई | खेत | | | | पाखो जग्गा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चहार | अब्बल | दोयम | सिम | चहार |
| न्युनतम दर ५ रोपनीसम्म | एकमुष्ट | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० |
| ५ रोपनी माथी १५ रोपनीसम्म | प्रतिरोपनी | ११ | १० | ९ | ८ | १० | ९ | ८ | ७ |
| १५ रोपनी माथि २५ रोपनीसम्म | प्रतिरोपनी | १५ | १४ | १३ | १२ | १४ | १३ | १२ | ११ |
| २५ रोपनी देखि ४० रोपनी सम्म | प्रतिरोपनी | २० | १९ | १८ | १७ | १८ | १७ | १६ | १५ |
| ४० रोपनी भन्दा माथी | प्रतिरोपनी | २५ | २४ | २३ | २२ | २२ | २१ | २० | १९ |

**मालपोत कार्यालय, धादिङले स्विकृत गरेको वर्गिकरण अनुसार गर्ने।**

## अनुसूची ३

(ऐनको दफा ४ सँग सम्बन्धित)

## बहाल कर

(क) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पाखरी वा अन्य सम्पत्ति पुरै वा आशिंक रुपमा व्यवसायिक वा निजी प्रयोजनले बहाल दिएकामा बहाल अंकको १०(दस) प्रतिशतको दरले सम्पत्ति धनीबाट बहाल कर संकलन गरिनेछ । व्यवसायीक कृषि उत्पादन गर्ने प्रयोजनको जग्गा बहालमा लिदा दिदा बहाल करमा लाग्ने उल्लिखित दरमा ५० प्रतिशत छुट हुनेछ।

(ख) संगठित संघसंस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्य कार्यालयहरु बहालमा बसे वापत बहाल रकम बुझाउंदा श्रोतमा अग्रिम बहाल कर कट्टि गरी दाखिला गर्नुपर्नेछ । यदि सो निकायले अग्रिम बहाल कर कट्टि नगरी भुक्तानी दिएमा, बहाल कर रकम भुक्तानी गर्न सम्पत्ति धनी तथा भाडामा लिने निकाय दुबै संयुक्त वा छुट्टाछुट्टै रुपमा जिम्मेवार हुनेछन।

(ग) घरधनीको विवरण अद्यावधिक गरिराख्ने नाम र प्यान नम्बर अनिवार्य गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

**अनुसूची ४**

(ऐनको दफा ५ सँग सम्बन्धित)

**वार्षिक व्यवसाय कर**

१. व्यवसाय करः रु. ३० लाखसम्म पूँजि भएको हकमा (वार्षिक नविकरण र नयाँ दर्ता समेत)

| क्र.सं. | शिर्षक | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
|---|---|---|---|
| १ | **होटल, लज, रेष्टुरेन्ट, बार, क्याफे, भोजनालय, मिष्ठान्न भण्डार** | | |
| २ | क) खाना नास्ता | ५००/- | ५००/- |
| | ख) खाना नास्ता मदिरा समेत | १२००/- | १२००/- |
| | **खाना नास्ता लज मदिरा समेत** | | |
| | क) १० कोठा सम्म लज | १५००/- | १५००/- |
| | ख) १० भन्दा माथि कोठा लज | २५००/- | २५००/- |
| | ग) ब्रान्ड लिएका होटल, रिसोर्ट तथा लज समेत | १००००/- | १००००/- |
| ३ | **टेन्ट हाउस र क्याटरिङ** | | |
| | टेन्ट हाउस मात्र | १०००/- | १०००/- |
| | टेन्ट हाउस र क्याटरिङ समेत | १५००/- | १५००/- |
| ४ | **सुनचाँदी रत्न आभुषण पसल** | | |
| | सुनचाँदी रत्न आभुषण पसल | ३०००/- | ३०००/- |
| | रत्न आभुषण मात्र | २०००/- | २०००/- |
| ५ | **टेलरिङ व्यवसाय** | | |
| | क) सटिङ सुटिङ लेडिज जेन्स (कपडा सहित) | २०००/- | २०००/- |
| | ख) टेलरिङ मात्र | ५००/- | ५००/- |
| | ग) गार्मेट तथा टेलरिङ उद्योग | २०००/- | २०००/- |
| ६ | हेयर कटिङ्ग सैलुन | १०००/- | १०००/- |
| ७ | **ब्यूटि पार्लर** | | |
| | क) व्यूटि पार्लर | १५००/- | १५००/- |
| | ख) व्यूटि पार्लर तालिम समेत दिने | २०००/- | २०००/- |
| ८ | **कम्प्युटर व्यवसाय सम्बन्धि** | | |
| | कम्प्युटर विक्रि तथा मर्मत | १५००/- | १५००/- |
| ९ | इलेक्ट्रिक सामान विक्रि | १५००/- | १५००/- |
| १० | इलेक्ट्रिक सामान मर्मत | १०००/- | १०००/- |
| ११ | जुत्ता चप्पल पसल (स्थानीय उत्पादन) | ५००/- | ५००/- |
| १२ | जुत्ता चप्पल पसल (थोक विक्रेता) | २०००/- | २०००/- |
| १३ | जुत्ता चप्पल पसल (खुद्रा विक्रता) | १०००/- | १०००/- |
| १४ | थोक विक्रेता (किराना पसल) | २०००/- | २०००/- |
| १५ | डिलर सिप (किराना पसल) | ३०००/- | ३०००/- |

| | | | |
|---|---|---|---|
| १६ | खुद्रा विक्रेता (किराना पसल) | १०००/- | १०००/- |
| १७ | **औषधि पसल (एलोपेथिक, होमोपेथिक, आयुर्वेदिक)** | | |
| | थोक बिक्रेता | २५००/- | २५००/- |
| | खुद्रा बिक्रेता | १२००/- | १२००/- |
| | आँखाजाँच तथा चस्मा पसल | १५००/- | १५००/- |
| | चस्मा पसल | १०००/- | १०००/- |
| १८ | निजी अस्पताल तथा नर्सिङ होम | ५५००/- | ५५००/- |
| १९ | क्लिनिक तथा ल्याब | २०००/- | २०००/- |
| २० | पोलिक्लिनिक | ४०००/- | ४०००/- |
| २१ | डेन्टल क्लिनिक | १५००/- | १५००/- |
| २२ | पान पसल | ५००/- | ५००/- |
| २३ | ड्राई क्लीनर्स | ७००/- | ७००/- |
| २४ | सिनेमा हल | ५०००/- | ५०००/- |
| २५ | आर्ट व्यवसाय | १०००/- | १०००/- |
| २६ | विजुली पसल थोक विक्रेता | २०००/- | २०००/- |
| २७ | विजुली पसल खुद्रा विक्रेता | १०००/- | १०००/- |
| २८ | फोटो स्टुडीयो (कलर ल्याब) | २०००/- | २०००/- |
| २९ | फोटो स्टुडीयो | १०००/- | १०००/- |
| ३० | भाडा पसल | १५००/- | १५००/- |
| ३१ | गिप्ट तथा कस्मेटीक पसल | १५००/- | १५००/- |
| ३२ | प्लाई, सिसा | १५००/- | १५००/- |
| ३३ | फर्निचर फर्निसिङ | २०००/- | २०००/- |
| ३४ | पेट्रोल पम्प | २५०००/- | २५०००/- |
| ३५ | ग्यास थोक बिक्रेता | १५००/- | १५००/- |
| ३६ | साईकल, रिक्सामर्मत | ५००/- | ५००/- |
| ३६क | साइकल विक्रि | - | १५००/- |
| ३७ | मोटर साईकल विक्री | ३५००/- | ३५००/- |
| ३८ | मोटर साईकल मर्मत | २०००/- | २०००/- |
| ३९ | अटोमेकानिकल(बस,जिप,कार,टेक्टर पार्टस विक्रि मर्मत) | ४५००/- | ४५००/- |
| ४० | अटोमेकानिकल(बस,जिप,कार,टेक्टर पार्टस मर्मतमात्र) | ३०००/- | ३०००/- |
| ४१ | लेथ सेक्सन तर्फ | २०००/- | २०००/- |
| ४२ | मोटर बडी बिल्डर्स | ४०००/- | ४०००/- |
| ४३ | पशुपंक्षी आहार उद्योग | २०००/- | २०००/- |
| ४४ | फन पार्क | ५०००/- | ५०००/- |
| ४५ | **लेखा परीक्षक (सुचीकृतसमेत)** | | |
| | क श्रेणीलाई | ४०००/- | ४०००/- |
| | ख श्रेणी | ३५००/- | ३५००/- |

| | | | |
|---|---|---|---|
| | ग श्रेणी | ३०००/- | ३०००/- |
| | घ श्रेणी | २५००/- | २५००/- |
| ४६ | **बैक, फाईनान्स, वित्तिय सस्थाहरु** | | |
| ४७ | क वर्गको बैक वा वित्तिय सस्था | ४००००/- | ४००००/- |
| | ख वर्गको बैक वा वित्तिय संस्था | ३००००/- | ३००००/- |
| | ग वर्गको बैक वा वित्तिय संस्थाको | २००००/- | २००००/- |
| | घ वर्गको बैक वा वित्तिय संस्था | १००००/- | १००००/- |
| | यस नगरपालिका भित्रका बैंक तथा वित्तिय नाफा मूलक संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत लगानी गर्नुपर्ने रकम यस नगरपालिका क्षेत्र भित्र गर्नुपर्नेछ । | | |
| ४८ | शेयर कारोवार गर्ने संस्था | १००००/- | १००००/- |
| ४९ | सहकारी संस्थाको Audit रिपोर्ट अनुसार प्रति एक लाख नाफामा न्यूनतम | १०००/- | १०००/- |
| ५० | सहकारी संस्थाको Audit रिपोर्ट अनुसार प्रति एक देखि २ लाख सम्मको नाफामा (सो भन्दा बढी प्रति लाखको नाफामा ३०० को दरले थप कर लाग्ने) | २०००/- | २०००/- |
| ५१ | बेकरी, पाउरोटी, बरफ, बिस्कुट तथा दालमोठ लगायत साना तथा घरेलु उद्योग | १५००/- | १५००/- |
| ५२ | **निजि शिक्षालय सचालन तर्फ** | | |
| | क्याम्पस | १००००/- | १००००/- |
| | मा.वि. | ८०००/- | ८०००/- |
| | आ.वि | ५०००/- | ५०००/- |
| | पूर्व प्राथमिक ३ कक्षा सम्म | २०००/- | २०००/- |
| ५३ | ब्लक, रिङ, टायल र तारबार पोल उद्योग | १०००/- | १०००/- |
| ५४ | पोलिथिन पाईप तथा अन्य प्लाष्टिकका सामानहरुको उद्योग/सावुन तथा डिटरजेन्ट उद्योग | २०००/- | २०००/- |
| ५५ | मैनबत्ती तथा अगर बत्ति उद्योग | २००/- | २००/- |
| ५६ | मसला उद्योग | ५००/- | ५००/- |
| ५७ | **परामर्श सेवा** | | |
| | वैदेशिक रोजगार व्यावसाय (म्यान पावर कम्पनी) | १००००/- | १००००/- |
| | इन्जीनियरिङ र प्राविधिक परामर्श सेवा प्रदायक | ५०००/- | ५०००/- |
| | धितो मुल्याङ्कन गर्ने प्राविधिक परामर्श सेवा | ४०००/- | ४०००/- |
| | शैक्षिक परामर्श सेवा प्रदायक | ४०००/- | ४०००/- |
| | कानुनी परामर्श सेवा | ३०००/- | ३०००/- |
| ५८ | भू-सेवा व्यवसायी | ३०००/- | ३०००/- |
| ५९ | **मदिरा बिक्रेता** | | |
| | मदिरा थोक विक्रेता | ५०००/- | ५०००/- |

| | | | |
|---|---|---|---|
| | मदिरा खुद्रा विक्रेता | ३०००/- | ३०००/- |
| ६० | मादल मर्मत तथा बिक्री | १००/- | १००/- |
| ६१ | सिरक डसना बिक्री | १५००/- | १५००/- |
| ६२ | हयूम पाईप, विद्युत पोल उद्योग | २०००/- | २०००/- |
| ६३ | झोला तयारी गर्ने उद्योग (प्लाष्टिक झोला उत्पादन गर्न पाईने छैन) | १०००/- | साना उद्योग सरह |
| ६४ | डेरी उद्योग (दुग्ध तथा दुग्ध सम्बन्धि अन्य व्यवसाय | १२००/- | १२००/- |
| ६५ | फर्निचर उद्योग/ सःमिल | ५०००/- | ५०००/- |
| ६६ | फर्निचर उद्योग/सोरुम | ३०००/- | ३०००/- |
| ६७ | ग्रील सटर उद्योग | २०००/- | २०००/- |
| ६८ | मिल (कुटानि, पिसानि) | १०००/- | १०००/- |
| ६९ | चिउरा, भुजा, चामल उद्योग | २०००/- | २०००/- |
| ७० | कालिज फर्म | ३०००/- | ३०००/- |
| ७१ | बंगुर फर्म (तोकिएको क्षेत्रमा मात्र) लगायत सोहि प्रकृतीका | १५००/- | १५००/- |
| ७२ | माछा पसल | १०००/- | १०००/- |
| ७३ | बधसाला | ८०००/- | ८०००/- |
| ७४ | तरकारी, फलफुल तथा साग सब्जी थोक पसल | २०००/- | २०००/- |
| ७५ | तरकारी, फलफुल तथा साग सब्जी खुद्रा विक्रेता पसल | ५००/- | ५००/- |
| ७६ | अण्डा पसल | ५००/- | ५००/- |
| ७७ | **ईट्टा उद्योग** | | |
| | ईट्टा उद्योग चिम्नी भएको | १०००००/- | १०००००/- |
| ७८ | छाला संकलन तथा बिक्री | ३०००/- | ३०००/- |
| ७९ | ईट्टा ,ढुंगा, बालुवा, गिट्टी संकलन विक्रि (डिपो) | ३०००/- | ३०००/- |
| ८० | डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा बेतबासका सामानहरु | १०००/- | १०००/- |
| ८१ | हार्डवयर्स पसल — इटा रोडा सहित अन्य) | ५०००/- | ५०००/- |
| ८२ | हार्डवयर्स पसल | ४०००/- | ४०००/- |
| ८३ | मेटलको भाडा बनाउने व्यवसाय | ५००/- | ५००/- |
| ८४ | स्टेश्नरी पसल थोक विक्रेता | २०००/- | २०००/- |
| ८५ | स्टेश्नरी पसल खुद्रा विक्रेता | १०००/- | १०००/- |
| ८६ | आरन व्यवसाय | २००/- | २००/- |
| ८७ | फोटोकपी, फ्याक्स, लेमिनेशन, ब्यान्डीङ्, कुरियर | १०००/- | १०००/- |
| ८८ | कम्प्युटर, भाषा ईन्ष्टीच्युट ट्यसन सेन्टर | १०००/- | १०००/- |
| ८९ | ड्राईभिङ सेन्टर | ३०००/- | ३०००/- |
| ९० | कपडा पसल फेन्सि पसल थोक | २०००/- | २०००/- |
| ९१ | कपडा पसल फेन्सि पसल खुद्रा | १०००/- | १०००/- |
| ९२ | डिजिटल छापाखाना (अफसेट प्रेस) | २०००/- | २०००/- |

| | | | |
|---|---|---|---|
| ९३ | साईबर, नेट, गेम सेन्टर फोन सेवा (कम्युनिकेसन सेवा) | १०००/- | १०००/- |
| ९४ | **निर्माण व्यवसायी** | | |
| | क श्रेणी | १००००/- | १००००/- |
| | ख श्रेणी | ८०००/- | ८०००/- |
| | ग श्रेणी | ६०००/- | ६०००/- |
| | घ श्रेणी | ५०००/- | ५०००/- |
| | घ वर्ग निर्माण व्यवसायी इजाजत | १५०००/- | १५०००/- |
| | घ वर्ग नामसारी | ५०००/- | ५०००/- |
| | घ वर्ग निर्माण व्यवसायी इजाजत प्रतिलिपि | १०००/- | १०००/- |
| ९५ | रासायनिक मल, विउ विजन, किटनाशक औषधि, दाना, चल्ला, बिक्री भेटेनरी समेत | ४०००/- | ४०००/- |
| ९६ | कृषि सामाग्री विक्री केन्द्र/शीत भण्डार | २०००/- | २०००/- |
| ९७ | एग्रोभेट | १५००/- | १५००/- |
| ९८ | भिडीयो मिक्सीङ | १५००/- | १५००/- |
| ९९ | मेशीनरी सामान, बेरिङ रिपेरिङ तथा बिक्री(मोटर,जेनेटर आदि) | २०००/- | २०००/- |
| १०० | कृषि उपकरण मर्मत तथा विक्री | १०००/- | १०००/- |
| १०१ | रेमिटेन्स सेवा | ३०००/- | ३०००/- |
| १०२ | कवाडी ब्यवसाय | ४०००/- | ४०००/- |
| १०३ | टुर्स एण्ड ट्राभल | २०००/- | २०००/- |
| १०४ | कुरियर तथा कार्गो सेवा | १०००/- | १०००/- |
| १०५ | ट्रान्सपोर्ट सेवा | २०००/- | २०००/- |
| १०६ | जडिबुटी वनजन्य उद्योग (खोटो लगायत) | १५००/- | १५००/- |
| १०७ | बैकल्पीक उर्जा (गोबरग्यास, सोलार) | १५००/- | १५००/- |
| १०८ | **वीमा कम्पनी** | | |
| | जीवन वीमा कम्पनी | २००००/- | २००००/- |
| | र्निजिवन विमा कम्पनी | १५०००/- | १५०००/- |
| १०९ | रङ रोगन पसल | २०००/- | २०००/- |
| ११० | अटो रिक्सा र म्याजिक भ्यान संचालन गर्न अटो रिक्सा र म्याजिक भ्यान सवारी साधन प्रचलित कानुन बमोजिम दर्ता गर्ने निकायमा दर्ता भई नगरपालिका क्षेत्रमा व्यवसाय गर्न निवेदन दर्ता गर्न आउने व्यवसायीलाई लगाइने कर | | |
| | पहिलो पटक बाटो इजाजत | १५०००/- | १५०००/- |
| | नवीकरण | २०००/- | २०००/- |
| १११ | यातायात व्यवासाय दर्ता | ५०००/- | ५०००/- |
| ११२ | यातायात व्यवासाय नवीकरण | ३०००/- | ३०००/- |
| ११३ | पोल्ट्री सप्लायर्स (दाना चल्ला विक्रेता) | २०००/- | २०००/- |

| | | | |
|---|---|---|---|
| ११४ | व्यवसायिक पोल्ट्री फर्म (५०० वटा चल्ला भन्दा वढी ) | १०००/- | १०००/- |
| ११५ | **कृषि व्यवसाय** | | |
| | कृषि फर्म | ५००/- | ५००/- |
| | माछा पालन | ५००/- | ५००/- |
| | पोल्ट्री फर्म ( ५०० वटा चल्ला भन्दा कम ) | ५००/- | ५००/- |
| | भैसी फर्म | ५००/- | ५००/- |
| | बाख्रा फर्म | ५००/- | ५००/- |
| | गाई फर्म | ५००/- | ५००/- |
| | अन्य | ५००/- | ५००/- |
| | दुईवटा सम्म भएमा (एउटै फर्ममा जोडिएको) | १०००/- | १०००/- |
| | दुई भन्दा बढी भएमा (एउटै फर्ममा जोडिएको) | १५००/- | १५००/- |
| ११६ | **सहकारी संस्था (दर्ता एवम् सिफारिस पनि व्यवसाय कर सरह लाग्नेछ)** | | |
| | क) संघ मातहत | ५०००/- | ५०००/- |
| | ख) प्रदेश मातहत | ४०००/- | ४०००/- |
| | ग) नगरपालिका मातहत | | |
| | १) वचत तथा ऋण | ५०००/- | ५०००/- |
| | २) कृषि सहकारी | १०००/- | १०००/- |
| | ३) बहुउदेश्यीय सहकारी | ५०००/- | ५०००/- |
| | ४) अन्य सहकारी | ३०००/- | ३०००/- |
| ११७ | **मासु पसल** | | |
| | क) भेडा, च्याङ्ग्रा र खसी बोका | १५००/- | १५००/- |
| | ख) रागाँ , भैसी | १५००/- | १५००/- |
| | ग) बंगुर, सुंगुर | १५००/- | १५००/- |
| | घ) पन्क्षी जाती | १०००/- | १०००/- |
| ११८ | कृषक समुह दर्ता | १०००/- | १०००/- |
| ११९ | कृषक समूह नवीकरण | ५००/- | ५००/- |
| १२० | ह्याचरी उद्योग | १००००/- | १००००/- |
| १२१ | होस्टेल | १५००/- | १५००/- |
| १२२ | चाउमिन उद्योग | ५००/- | ५००/- |
| १२३ | पुल हाउस/स्नोकर हाउस/फुटसल/स्केटिङ | २५००/- | २५००/- |
| १२४ | रोधि घर/दोहोरी घर | ५०००/- | ५०००/- |
| १२५ | कपास उद्योग | १०००/- | १०००/- |
| १२६ | डान्स इन्स्टिच्युट | ५००/- | ५००/- |
| १२७ | इभेन्ट म्यानेजमेन्ट | - | १५००/- |
| १२८ | कफि सप | - | ५००/- |
| १२९ | फिट्नेस सेन्टर | २०००/- | २०००/- |

| | | | |
|---|---|---|---|
| १३० | मेटल वर्कसप | २०००/- | २०००/- |
| १३१ | सवारी वासिङ सेन्टर (फुटपाथमा बाटोमा सो कार्य गर्न नपाउने) | २०००/- | २०००/- |
| १३२ | नर्सरी | ५००/- | ५००/- |
| १३३ | मसाज सेन्टर | ५०००/- | ५०००/- |
| १३४ | गलैचा उद्योग व्यवसाय | २०००/- | २०००/- |
| १३५ | लाउण्डरी | ५००/- | ५००/- |
| १३६ | हेल्मेट पसल | १०००/- | १०००/- |
| १३७ | चटपट पानीपुरी | ५००/- | ५००/- |
| १३८ | कपास उद्योग | १५००/- | १५००/- |
| १३९ | छापाखाना | १०००/- | १०००/- |
| १४० | मिडिया हाउस | १०००/- | १०००/- |

नोटः एउटै व्यवसाय दर्ताबाट एकैस्थानमा एक भन्दा बढी प्रकृतिको कारोवार गरेको भए उल्लेखित दस्तुर मध्येको सवैभन्दा बढी भएको दस्तुरमात्र लिईनेछ।

२. ३० लाख भन्दा बढी पूँजि भएको व्यवसाय दर्ता गर्दा व्यवसायको प्रकृति अनुसार सि.नं. १ बमोजिमको दरको रकममा पूँजि अनुसार प्रति करोड रु. ५००/- (पाँच सय रुपैयामात्र) दरले थप गर्दा हुन आउने रकम दर्ता शुल्क लाग्नेछ र वार्षिक नविकरण गर्दा सि.नं. १ बमोजिमको दरको रकममा प्रति करोड रु. ५००/- (पाँच सय रुपैयामात्र) दरले थप दस्तुर लाग्नेछ। कुल पुजिको गणना व्यवसायीको प्रवन्धपत्र वा सो खुल्ने सरकारी निकायबाट जारी कागजातलाई आधार मानिनेछ। नविकरण गर्दा स्वःघोषणा वा कर चुक्ता प्रमाणपत्रमा उल्लिखित रकमका आधारमा रकम गणना गरिनेछ।

**३. यस नगरपालिका भित्र रहेका उद्योग धन्दा तथा कलकारखानामा लगाउने स्थानीय कर**

| सि.नं. | व्यवसाय | इकाइ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
|---|---|---|---|---|
| १ | क्रसर उद्योग साना (वार्षिक) | प्रति उद्योग | १०,०००/- | १०,०००/- |
| २ | क्रसर उद्योग मझौला (वार्षिक) | प्रति उद्योग | ३०,०००/- | ३०,०००/- |
| ३ | क्रसर उद्योग ठुला (वार्षिक) | प्रति उद्योग | ४०,०००/- | ४०,०००/- |
| ४ | बालुवा धुने उद्योग ठुला (वार्षिक) | प्रति उद्योग | १५,०००/- | १५,०००/- |
| ५ | बालुवा धुने उद्योग ठुला (वार्षिक) फिरफिरे | प्रति उद्योग | १०,०००/- | १०,०००/- |
| ६ | सार्वजनिक नदी खोला किनाराका ढुंगा गिट्टी बालुवा ग्रावेल, रोडा माटो चुनढुंगा स्लेट उत्खनन संकलन विक्रि तथा निकासी | | प्रदेश कानून बमोजिम | प्रदेश कानून बमोजिम |

**१. व्यवसाय कर प्रयोजनको लागि व्यवसाय दर्ताको लागि माथि उल्लेखित वार्षिक नविकरण शुल्क बरावरकै शुल्क लाग्नेछ।**

२. **जरिवानाः** दर्ता तथा नविकरण गर्न नआएमा हालको दरको १००% जरिवाना लाग्नेछ ।तर नविकरण गर्दा २०८२ पुस मसान्तसम्म जरिवाना नलाग्ने, तत् पश्चात २०८२ चैत्र मसान्तसम्म ५० प्रतिशत र सोभन्दा पछी १०० प्रतिशत जरिवाना लाग्नेछ।

३. व्यवसाय दर्ता पश्चात पछिल्लो पाँच वर्षमा कुनैपनी कारोवार नगरी कारोवार शुन्य भएको व्यवसाय खारेजीका लागि व्यवसायीको स्वःघोषणासहित निवेदन परेमा एक पटकको लागि यस आर्थिक वर्षभरमा

जरिवाना शुल्क नलिई सवै नविकरण शुल्क असुल गरेर खारेजी गर्न सकिनेछ। यसरी खारेजी भएको व्यवसायको आर्थिक वर्ष २०८२/०८३ र २०८३/०८४ मा कुनैपनी हालतमा सोही नामबाट नयाँ व्यवसाय दर्ता गर्न पाइनेछैन।

४. सहकारी संस्थाहरु सम्बन्धित कार्यालयमा दर्ता भएपछी मुख्य कार्यालय वा शाखा कार्यालय सञ्चालन भएको वडा कार्यालयमा व्यवसाय कर प्रयोजनको लागि २०८२।०८३ देखि अनिवार्य दर्ता तथा नविकरण गर्नुपर्नेछ। यसरी आर्थिक वर्ष २०८२।०८३ भित्रमा व्यवसाय दर्ता गर्न आउने सहकारीलाई एक पटकको लागि यस अगाडीको शुल्क तथा जरिवाना छुट दिई व्यवसाय दर्ता गरिनेछ ।

५. **<u>उद्योग दर्ता तथा नवीकरण:</u>** औद्योगिक व्यवसाय ऐन बमोजिम लघुउद्यमको हकमा प्रमाण पत्र दस्तुर रु. ५००।-(स्थानीय प्राइभेट फर्म दर्ता नविकरण प्राइभेट फर्म सम्बन्धी प्रचलित मापदण्ड बमोजिम)। लघु उद्यम व्यवसाय दर्ता तथा नविकरण सम्बन्धित वडा कार्यालयमा हुनेछ।

६. व्यवसाय नामसारीको रु. २००/- शुल्क लाग्नेछ। व्यवसाय दर्ता प्रमाणपत्र हराएमा प्रतिलिपि लिनको लागि रु. २००/- शुल्क लाग्नेछ।

७. **माथि उल्लेखित बाहेक छुट हुन गएका व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी उल्लेखित विषयसँग मेल खाने किसिमको दरमा शुल्क लिने ।**

## अनुसूची ५

(ऐनको दफा ६ सँग सम्बन्धित)

**निषेधित बाहेकका जडिबुटी तथा जिबजन्तु र कवाडी मालवस्तुको व्यवसायीक उपयोग सम्बन्धी कर**

उन, खोटो, जडिबुटी, कवाडी माल, जीवित जन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाखँ, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे बापत कर लाग्ने छ । उल्लेखित मालसामानहरुको कर देहाय अनुसार हुनेछ ।

| क्र.सं. | बस्तुको विवरण | दररेट |
|---|---|---|
| १. | ऊन | प्रति के.जी. १० पैसा |
| २. | खोटो | प्रति के.जी. ५० पैसा |
| ३. | जडिवुटि | प्रति के.जी. १ रुपैया ५० पैसा |
| ३. | तेदुको पात | प्रति के.जी. २५ पैसा |
| ४. | बनकस | प्रति ट्याक्टर रु ५०।-<br>प्रति ट्रक रु २००।- |
| ५. | खाली सिसाको बोतल (वियर ,मदिरा र अन्य) | प्रति पिस २५ पैसा |
| ६. | ठुलो टायर | प्रति पिस रु ५।- |
| ७. | सानो टायर | प्रति पिस रु १।- |
| ८. | मृत जिवजन्तुको सिङ प्वांख, हाड,खुर | प्रति के.जी. रु २।- |
| ९. | मृत जिवजन्तुको छाला ठुलो | प्रति गोटा रु ३०।- |
| १०. | मृत जिवजन्तुको छाला सानो | प्रति गोटा रु १५।- |
| ११. | प्लाष्टिक वोतल, भाडा कुडा, पुराना जुत्ता, चप्पल, ग्यालन, जर्किन | प्रति के.जी. ५० पैसा |
| १२. | खाली बोरा ५० के.जी. सम्म खाद्यान्न अटने प्लाष्टिक बोरा | प्रति गोटा ५० पैसा |
| १३. | खाली बोरा ५० के.जी. सम्म खाद्यान्न अटने जुटको बोरा | प्रति गोटा २५ पैसा |
| १४. | खाली बोरा १०० के.जी. सम्म खाद्यान्न अटने जुटको बोरा | प्रति गोटा ५० पैसा |
| १५. | तेलको टिन<br>क) १० लिटर भन्दा बढी अटने ठुलो<br>ख) १० लिटर भन्दा कम अटने सानो | <br>प्रति गोटा रु. १।५०<br>प्रति गोटा ७५ पैसा |
| १६. | ऊनको टुक्रा, गार्मेन्ट टुक्रा | प्रति के.जी. ७५ पैसा |
| १७. | जलेको मोविल | प्रति लिटर ७५ पैसा |
| १८. | जुट र कार्पेटको टुक्रा | प्रति केजी ५० पैसा |
| १९. | पुरानो ड्रम,पुरानो टिन | प्रति केजी. ५० पैसा |
| २०. | पुरानो कागज<br>क) अखवार<br>ख) अन्य कागज कार्टुन समेत | <br>प्रति केजी. ५० पैसा<br>प्रति केजी. ७५ पैसा |
| २१. | फलामका टुक्राहरु | प्रति केजी रु. १।५० |
| २२. | अन्य धातु पितल तामा | प्रति केजी रु. २ |
| २३. | थोत्रिएका मेशिनरी औजार | प्रति केजी रु.१।५० |
| २४. | पोलिथिन पाइपका टुक्रा | प्रति केजी ७५ पैसा |
| २५. | सिसाका टुक्रा धुलो | प्रति केजी ७५ पैसा |
| २६. | काँचको टुक्रा धुलो | प्रति केजी २५ पैसा |
| २७. | पुरानो सिल्भर आल्मोनियम | प्रति केजी रु १ |
| २८. | पुरानो व्याट्री | प्रति केजी रु १ |

## अनुसची ६

(ऐनको दफा ७ सँग सम्बन्धित)

## सवारी साधनका करका दर

वागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८२ मा व्यवस्था भएको खण्डमा सोही बमोजिम हुने

१. **सवारी कर (वार्षिक)**

(क) बस, मिनी बस, माइक्रो बस, कार, जिप रु. २०००।—

(ख) ट्रक, लहरी आदि हेवी सवारी वार्षिक रु. ३०००।—

(ग) पावरटेलर वार्षिक रु. ५००।—

(घ) निजी कार तथा जिप रु. १०००।—

(ङ) ठेलागाडा, रिक्सा वार्षिक रु १००।—

२. **पटके सवारी कर (प्रति साधन) नगरपालिकाले बनाएको सडकमा**

(क) ट्रक लहरी लगायत ठुला सवारी साधन रु. ३०।

(ख) बस, माइक्रो/जीप (भाडाको) रु. २५।-

(ग) निजी सवारी साधन रु. २०।-

(घ) मोटरसाइकल रु. ५।-

## अनुसूची ७

(ऐनको दफा ८ सँग सम्बन्धित)

## बिज्ञापन कर

| क्र.सं. | विवरण | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
|---|---|---|---|
| १ | ग्लो साइनबोर्ड,डिपिएस बोर्ड प्रति वर्गफिट | रु. ५०।- | रु. ५०।- |
| | फ्लेक्स प्रति वर्गफिट | रु. ३५ ।- | रु. ३५ ।- |
| २ | वाल पेन्ट विज्ञापन प्रति व.फि | रु. ५।- | रु. ५।- |
| ३ | व्यानर (बडीमा एक महिना सम्मको लागि) प्रतिगोटा | रु. ३००।- | रु. ३००।- |
| ४ | पोष्टर पम्पलेट प्रति वर्ग फिट प्रति हजार | रु. ३०००।- | रु. ३०००।- |
| ५ | आफ्नो व्यवसायको पहिचानको लागि व्यवसाय स्थलमा राख्ने साइनवोर्डको कर नलाग्ने । | | |

## अनुसूची ८

(ऐनको दफा ९ सँग सम्बिन्धत)

## मनोरञ्जन कर

प्रदेश आर्थिक ऐन बमोजिम हुने

-0-

## अनुसुची ९

(ऐनको दफा १० सँग सम्बन्धित)

## वहाल विटौरी कर

(क) नगरपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरे/गराएको पसल, कवल, हाटबजारको भाडा प्रतिमहिना प्रति वर्ग फिट स्थान हेरी रु. १००।- देखि रु. २००।- सम्म, अन्य सार्वजनिक जग्गाको भाडा वापत प्रति वर्ग फिट रु ३०।- देखि ५०।- सम्म, भित्री स्थलका पर्ति/ऐलानी जग्गा लिज वा भाडामा दिँदा प्रति वर्ग फिट रु. १०।- र नगर कार्यपालिकाको पूर्व स्वीकृति लिएका सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट रु. ५।- देखि १०।- सम्म मासिक वहाल विटौरी लिने । लामो समयको लिज वा भाडामा दिँदा वार्षिक अग्रिम भाडा बुझाएमा १०% सम्म छुट दिने ।

## अनुसूची १०
## (ऐनको दफा ११ सँग सम्बन्धित)

**१. पार्किङ शुल्क**

नीलकण्ठ नगरपालिकाको वसपार्क तथा तोकेको अन्य स्थानमा पार्किङ गरेवापत देहायको पार्किङ शुल्क लाग्नेछ।

तपसिल

| सि.नं. | पार्किङ शुल्क | बस/ट्रक ठुला सवारीसाधन | जिप/माइक्रो/ कार | मोटरसाइकल |
|---|---|---|---|---|
| १ | २ घण्टासम्मको | ५०/- | २०/- | १०/- |
| २ | ५ घण्टासम्मको | १००/- | ५०/- | १५/- |
| ३ | १० घण्टासम्मको | २००/- | १००/- | ३०/- |
| ४ | रातभरी (१२ घण्टा सम्म) | ३००/- | २००/- | - |
| ५ | मासिक | ३०००/- | २०००/- | - |
| ६ | बार्षिक | २०,०००/- | १६,०००/- | - |

नीलकण्ठ नगरपालिकालाई केन्द्रविन्दु मानी (मुख्य कार्यालय राखी) संचालन भएका यातायात व्यवसायी संघ संस्थाहरू/कम्पनीहरूमा आवद्ध भएका भाडाका सवारी साधनको प्रति सवारी साधनहरुका हकमामात्र उल्लेखित मासिक तथा वार्षिक पार्किङ शुल्कमा ५०% छुट दिइनेछ ।

**२. निषेधित क्षेत्रमा पार्किङको लागि जरिवाना**

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| १. | मोटर साईकल | ५००/- |
| २. | कार, भ्यान | १०००/- |
| ३. | ठूला सवारी साधन | १०००/- |

**<u>अनूसूची ११</u>**

ऐनको दफा १३ सँग सम्बन्धित

<u>नगर क्षेत्र भित्र लगाउने सेवा शुल्क दस्तुरको दर</u>

**१. <u>सेवा शुल्क</u>**

| सि.नं. | सेवाको किसिम | आ.व. २०८१/८२ | आ.व. ८२/०८३ |
|---|---|---|---|
| १ | पक्की घरको सर्जमिन मुचुल्का वापत | १०००।- | १०००।- |
| २ | अन्य सवै प्रयोजनको सर्जमिन मुचुल्का वापत (पशुसेवा बाहेक) | ५००।- | ५००।- |
| ३ | अचल सम्पत्ति मूल्याकंन (मूल्याङ्कन अंकको) | ०.०८ प्रतिशत | ०.०८ प्रतिशत |
| ४ | निजी विद्यालयको दर्ता सिफारीस शुल्कः<br>क) क्याम्पस<br>ख) माध्यमिक विद्यालय<br>ग) आधारभूत विद्यालय | <br>३०००।-<br>२५००।-<br>२०००।- | <br>३०००।-<br>२५००।-<br>२०००।- |
| ५ | मिलापत्र शुल्क (प्रत्येक पक्षबाट) | ५००।- | ५००।- |
| ६ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | १००।- | १००।- |
| ७ | टोल विकास संस्था दर्ता र नविकरण शुल्क | १००।- | १००।- |
| ८ | स्थलगत प्राबिधिक अमिन सेवा शुल्क | १०००।- | १०००।- |
| ९ | स्थलगत नापनक्शा (अमिन) सेवा शुल्क एकपटक (सार्वजनिकमा नलाग्ने) | १०००।- | १०००।- |
| १० | घर निर्माणमा लाग्ने पुर्वाधार मर्मत संभार शुल्क | पक्कि २०००।-<br>कच्ची ५००।- | पक्कि २०००।-<br>कच्ची ५००।- |
| ११ | नागरिकता सर्जमिन मुचुल्का शुल्क | २००।- | २००।- |
| १२ | कृषि/पशुपंछीजन्य व्यवसाय दर्ताको सर्जमिन | २००।- | २००।- |
| १३ | व्याक हो लोडर प्रयोग शुल्क इन्धन बाहेक प्रतिघण्टा | २०००।- | २०००।- |
| १४ | ग्रेडसिड प्रतिलिपि (संशोधन) | १००।- | १००।- |
| १५ | सक्सन मेशिन (प्रति पटकको दर)<br>क) नगरपालिकाको ५ कि.मि. भित्र<br>ख) नगरपालिका क्षेत्र ५ कि.मि. भन्दा माथि<br>ग) नगरपालिका बाहिर १५ कि.मि. सम्म<br>घ) नगरपालिका बाहिर १६-२५ कि.मि. सम्म | <br>६०००।-<br>७०००।-<br>८०००।-<br>१००००।- | <br>६०००।-<br>७०००।-<br>८०००।-<br>१००००।- |
| १६ | सिटिहल हलभाडा प्रतिदिन (संघसस्था र अन्य कार्यालय) | ५०००।- | ५०००।- |
| १७ | सिटिहल हलभाडा प्रतिदिन (नगरपालिकाको कार्यक्रम) | ३०००।- | ३०००।- |
| १८ | हलभाडा वडा कार्यालयको हल प्रतिदिन | ५००।- | ५००।- |

२. <u>विभिन्न प्रमाणित तथा सिफारिस दस्तुर</u>

| सि. नं. | सेवाको किसिम | शहरी क्षेत्र | | ग्रामीण नगर क्षेत्र | |
|---|---|---|---|---|---|
| | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
| १ | घरवाटो साँध सीमाना प्रमाणित | ६००।- | ६००।- | ६००।- | ६००।- |
| २ | नागरिकता प्रमाणपत्रको सिफारिस (अनुसूची र फाराम सहित) | ० | ० | ० | ० |
| | नागरिकता प्रमाण-पत्रको प्रतिलिपि सिफारिस | १००।- | १००।- | १००।- | १००।- |
| | गैह्र आवासिय नागरिकता प्रमाणपत्र सिफारिस | २५००।- | २५००।- | २५००।- | २५००।- |
| ३ | जग्गा नामसारी सिफारिस | ५००।- | ५००।- | ५००।- | ५००।- |
| ४ | नाम, थर संशोधन सिफारिस | ५००।- | ५००।- | ५००।- | ५००।- |
| **५** | **अन्य प्रयोजनको लागि घर कायम सिफारिस दस्तुर** | | | | |
| | १००० वर्ग फिट सम्म | ५००।- | ५००।- | ५००।- | ५००।- |
| | १००० देखि २००० वर्ग फिट सम्म | १५००।- | १५००।- | १५००।- | १५००।- |
| | २००० देखि ३००० सम्म | २५००।- | २५००।- | २५००।- | २५००।- |
| | ३००० देखि ४००० सम्म | ४५००।- | ४५००।- | ४५००।- | ४५००।- |
| | सो भन्दा माथि | ६५००।- | ६५००।- | ६५००।- | ६५००।- |
| ७ | घर कायम (कच्ची घर) | २००।- | २००।- | २००।- | २००।- |
| ८ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | १०००।-(एक रोपनी भन्दा माथि प्र.रो. थप रु. १००।-) | | | |
| ९ | विद्युत जडानको सिफारिस दस्तुर | २००।- | २००।- | २००।- | २००।- |
| १० | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | २००।- | २००।- | १००।- | १००।- |
| ११ | बैदेशिक रोजगारको लागि सिफारिस | ५००।- | ५००।- | ५००।- | ५००।- |
| १२ | तमसुक प्रमाणित | ५००।- | ५००।- | ५००।- | ५००।- |
| १३ | परिवार ल्याएको/लगेको सिफारिस | ३००।- | ३००।- | ३००।- | ३००।- |
| १४ | विवाह दर्ता सिफारिस (विदेशीसँग) | २०००।- | २०००।- | २०००।- | २०००।- |
| १५ | नाता प्रमाणित दस्तुर | २००।- | २००।- | २००।- | २००।- |
| १६ | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | १०००।- | १०००।- | १०००।- | १०००।- |
| १७ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | २००।- | २००।- | २००।- | २००।- |
| १८ | नाफामूलक संस्था दर्ता/नविकरण सिफारिस | २०००।- | २०००।- | २०००।- | २०००।- |
| १९ | सेवामूलक संस्था दर्ता/स्वदेशी प्रयोजन सिफारिस | ५००।- | ५००।- | ५००।- | ५००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | सामुदायिक वन उपभोक्ता समूह दर्ता/नवीकरण | ५००।- | ५००।- | ५००।- | ५००।- |
| २१ | निजी विद्यालय सञ्चालनको सिफारिस | २०००।- | २०००।- | २०००।- | २०००।- |
| २२ | निजी विद्यालय कक्षाथपको सिफारिस | १५००।- | १५००।- | १५००।- | १५००।- |
| २३ | मोही नामसारी सिफारिस | २००।- | २००।- | २००।- | २००।- |
| २४ | सम्बन्ध विच्छेदको सिफारिस | १०००।- | १०००।- | १०००।- | १०००।- |
| २५ | ठुला उद्योग स्थापनाको सिफारिस | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| २६ | मझौला उद्योग स्थापनाको सिफारिस | २०००।- | २०००।- | २०००।- | २०००।- |
| २७ | साना तथा घरेलु उद्योगको सिफारिस | ५००।- | ५००।- | ५००।- | ५००।- |
| २८ | रुख काट्ने सिफारिस प्रति गोटा (स्वीकृत आवश्यक पर्नेमा) | २००।- | २००।- | २००।- | २००।- |
| २९ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५००।- | ५००।- | ५००।- | ५००।- |
| ३० | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ३१ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ३२ | अपुताली सिफारिस (नेपालको लागि) | १५००।- | १५००।- | १५००।- | १५००।- |
| ३३ | अपुताली सिफारिस (विदेशको लागि) | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ३४ | व्यक्तिगत घटना (जन्म,मृत्यु,विवाह, सम्बन्धविच्छेद, अविवाहीत, बसाइसराइ) दर्ता, प्रमाणित तथा सिफारिस सेवा शुल्क | ३५ दिन सम्म : निशुल्क<br>३५ दिन पछिको विलम्व : रु. २००/-<br>व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रतिलिपि शुल्क रु. ५००/-<br>व्यक्तिगत घटना तथा नागरिक अभिलेखदर्ता किताव हेरेर दस्तुर रु. २००/- (प्रत्येक पटक) | | | |
| ३५ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | २००।- | २००।- | २००।- | २००।- |
| ३६ | अंग्रेजीमा सिफारीस | ५००।- | ५००।- | ५००।- | ५००।- |
| ३७ | चार किल्ला प्रमाणित सिफारिस | ५००।- | ५००।- | ५००।- | ५००।- |
| ३८ | कन्सुलर प्रमाणिकरण (विदेशमा मृत्युको हकमा ५०% छुट) | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ३९ | मालपोत/ सम्पत्ति कर रसिदको प्रतिलिपि प्रमाणित | १००।- | १००।- | १००।- | १००।- |
| ४० | आयश्रोत प्रमाणित सिफारिस | ५००।- | ५००।- | ५००।- | ५००।- |
| ४१ | सामाजीक सुरक्षा भत्ताको पट्टा प्रतिलिपी | १००।- | १००।- | १००।- | १००।- |
| ४२ | **आयोजना पुस्तिका**<br>क) ५ लाखसम्म लागत भएका योजना<br>ख) १० लाखसम्म लागत भएका योजना<br>ग) २५ लाखसम्म लागत भएका योजना<br>घ) २५ लाखभन्दा वढी लागतका योजना | <br>२००।-<br>३००।-<br>५००।-<br>१०००।- | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३ | उपभोक्ता समिति दर्ता शुल्क | ५००।- | ५००।- | ५००।- | ५००।- |
| ४४ | खानेपानी तथा जलस्रोत समिति दर्ता | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ४५ | उपभोक्ता समिति नवीकरण | २००।- | २००।- | २००।- | २००।- |
| ४६ | खानेपानी तथा जलस्रोत समिति नवीकरण | ५००।- | ५००।- | ५००।- | ५००।- |

**द्रष्टव्यः शहरी क्षेत्र र ग्रामिण क्षेत्र भन्नाले देहायको क्षेत्रलाई बुझाउनेछ ।**

**क)** शहरी क्षेत्रः यस नगरपालिकाको कालो पत्रे सडक भएको ठाउँ सवै र धादिङवेसी बजार वडा नं. ३ को आसपासका (वडा नं. ४,८,१२) को पक्की तथा ग्राभेल सडकले छोएको समेत र धादिङ सल्यानटार सडक, धादिङ तिप्लिङ सडक, धादिङवेसी सुनौलाबजार सडक, धादिङवेसी धुवाकोट सडकले छुने क्षेत्र।

ख) **ग्रामिण क्षेत्रः** माथि (क) उल्लिखित वाहेकका **नगरपालिका क्षेत्रलाई** कच्ची सडक भएका र बजार विस्तार नभएका सहायक मार्ग, लगायत अन्य सबै क्षेत्रका वस्तीहरु ।

**उल्लेखित सिफारिस शुल्कमा हुने छुट सम्बन्धी व्यवस्थाः**

**क) आ.व. २०८२।०८३ मा देहायका सिफारिसहरु निःशुल्क हुनेछ।**

| |
|---|
| १. अपाङ्गता भनी व्यक्तिगत अपाङ्गताको सिफारिस गर्दा |
| २. विपद परेको भनि राहतका लागि सिफारिस गर्दा |
| ३. नसर्ने कडा तथा असाध्य रोगको निःशुल्क उपचारको लागि विपन्न भनि सिफारिस गर्दा |
| ४. विपन्न र एकल महिला सिफारिस गर्दा |
| ५. योजना माग सिफारिस गर्दा |
| ६. विपन्न नागरिक काजकृया खर्चको लागि सिफारिस गर्दा |
| ७. सामाजिक सुरक्षा भत्तासंग सम्बन्धित सिफारिस गर्दा |

**ख)** १० पटक भन्दा वढीपटक रक्तदान गर्ने रक्तदातालाई निजको नाममा हुने कागजातको सिफारिसमा लाग्ने दस्तुरमा दस प्रतिशत छुट हुनेछ।

## ३. घर नक्सा पास दस्तुर

| क्र.स. | विवरण | आ.व.२०८१/८२ | आ.व.२०८२/८३ |
|---|---|---|---|
| १ | नक्सापास निवेदन फारम दस्तुर (नक्सा पास किताब) | रु. ५००।- | रु. ५००।- |
| २ | पक्की घर र पर्खाल समेत प्रति वर्गफिट दस्तुर (आर.सि.सि.) | रु. ७।- | रु. ७।- |
| ३ | पक्की घरको कम्पाउण्ड वाल निर्माण प्रति वर्गफिट दस्तुर | रु.३।- | रु.३।- |
| ४ | कच्ची घरको प्रति वर्गफिट दस्तुर | रु.१।- | रु.१।- |
| ५ | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क (पक्की) | रु. ४०००।- | रु. ४०००।- |
| ६ | नगरपालिका हुनु भन्दा अगाडी निर्माण गरेको (घरायसी) अभिलेखिकरण (मापदण्ड अनुरुप निर्माण भएको) भएमा मात्र) प्रति वर्ग फिट | रु.७।-प्रति वर्गफिट | रु. ७।- प्रति वर्गफिट |

| | | | |
|---|---|---|---|
| ७ | नगरपालिका हुनु भन्दा अगाडी निर्माण गरेको (व्यवसायिक) अभिलेखिकरण (मापदण्ड अनुरुप निर्माण भएको) भएमा मात्र) प्रति वर्ग फिट | रु.१०।- प्रतिवर्गफिट | रु.१०।- प्रति वर्गफिट |
| ८ | साविक घर परिवर्तन नहुने गरी मर्मत सम्भार गर्नु परेमा एकमुष्ट | रु.१०००।- | रु.१०००।- |
| ९ | घरको छतमा वा दायावाया साइटमा अगाडी पछाडी अस्थायी संरचना निर्माण | रु.२।-प्रतिवर्ग फिट | रु.२।-प्रतिवर्ग फिट |
| १० | व्यापारिक भवन नक्सा पास दस्तुरमा | ५० प्रतिशत थप लाग्ने | ५० प्रतिशत थप लाग्ने |
| ११ | संस्थागत हाउजिङ प्रयोजनको लागि भवन नक्सा पास दस्तुरमा | थप शत प्रतिशत लाग्ने | थप शत प्रतिशत लाग्ने |
| १२ | नक्सा संसोधन गर्नु परेमा उपरोक्तानुसारका दरमा थप दस्तुर लाग्ने | थप २५ प्रतिशत लाग्ने | थप २५ प्रतिशत लाग्ने |
| १३ | सरकारी, अर्धसरकारी, सहकारी तथा गैह्सरकारी संघसंस्थाको पक्की भवन नक्शा पास दस्तुर | रु.१०।– प्रति वर्गफिट | रु.१०।– प्रति वर्गफिट |
| १४ | सरकारी, अर्धसरकारी, सहकारी तथा गैह्सरकारी संघसंस्थाको पक्की भवन जस्ताको छाना | रु. ५।– प्रति वर्गफिट | रु. ५।– प्रति वर्गफिट |
| १५ | **घर निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर** | | |
| | कुल क्षेत्रफल ३००० वर्ग फिट सम्म | प्रतिवर्गफिट १।- | प्रतिवर्गफिट १।- |
| | ३००० वर्गफिट भन्दा माथि | प्रतिवर्ग फिट थप२।- | प्रतिवर्गफिट थप २।- |
| | व्यापारिक भवन निर्माण सम्पन्न प्रमाण पत्र दस्तुरमा | ५०प्रतिशत थपलाग्ने | ५० प्रतिशत थप लाग्ने |
| | संस्थागत हाउजिङ प्रयोजनको लागि भवन निर्माण सम्पन्न प्रमाण पत्र दस्तुरमा | थप शत प्रतिशत लाग्ने | थप शत प्रतिशत लाग्ने |
| | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | ५००।- | ५००।- |
| १६ | घर निर्माणसम्पन्न प्रमाणपत्र प्रतिलिपि | १०००।- | १०००।- |
| १७ | घर नक्सा नामसारी पक्की (एकाघर) | प्रतिवर्गफिट १।- | प्रतिवर्गफिट १।- |
| १८ | घर नक्सा नामसारी पक्की (एकाघर नभएमा) | प्रतिवर्गफिट २.५।- | प्रतिवर्गफिट २.५।- |
| १९ | कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | २००।- | २००।- |
| २० | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | १००।- | १००।- |
| २१ | अस्थायी टहरा/ट्रस्ट निर्माणको इजाजत दस्तुर (व्यवसायिक) | प्रतिवर्ग फिट रु. ३/- | प्रतिवर्ग फिट रु. ३/- |
| २२ | अस्थायी टहरा/ट्रस्ट निर्माणको इजाजत दस्तुर (आवास) | प्रतिवर्ग फिट रु. १/- | प्रतिवर्ग फिट रु. १/- |
| २३ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१) घ बमोजिम लाग्ने दस्तुरमा तेब्बर दस्तुर | | |
| २४ | प्रचलित कानून बमोजिम मापदण्ड पुगेको भएपनी घर/भवन निर्माण कार्य गरेको वा संरचना निर्माण पूर्ण नभएको हकमा लाग्ने दस्तुरको ५० प्रतिशत थप गर्ने | | |

४. पशुसेवा तर्फको दस्तुर

| | | |
|---|---|---|
| | **अ) उपचार सेवा अन्तर्गत** | |
| | **सेवाको प्रकृति** | **लाग्ने शुल्क** |
| क | गाई भैसी | १५।- |
| ख | भेडावाखा वंगुर खरायो | १०।- |
| ग | कुकुर विरालो | २५।- |
| घ | घोडा बाँदर जंगली जनावर | ५०।- |
| ङ | कुखुरा लगायतको पंन्छीहरु | ५।- |
| | **आ) परीक्षण सेवा** | |
| क | गोवर परिक्षण | १०।- |
| ख | गर्भ परिक्षण | १०।- |
| ग | शव परिक्षण गाइ, भैसी, भेडा वाखा वंगुर | २५।- |
| घ | शव परिक्षण पंक्षी | १०।- |
| ङ | शव परिक्षण कुकुर | १००।- |
| च | शव परिक्षण अन्य | २००।- |
| | **इ) वन्ध्याकरण** | |
| क | वोका/राँगो/साँढे | २५।- |
| ख | कृतिम गर्भाधान गाई भैसी वाखा | २५।- |
| | **ई) पशु तर्फको सिफारिस** | |
| क | मृत्यु प्रमाणित (इन्स्युरेन्स) | १०० ।- |
| ख | मृत्यु प्रमाणित अन्य | १०० ।- |
| ग | अन्य प्रमाणित तथा सिफारिस | १०० ।- |
| घ | पशु सेवा बाहेकका अन्य मुचुल्का | ५०० ।- |

५. स्वास्थ्य सेवा तर्फको प्रयोगशालामा विभिन्न परीक्षणको शुल्क तथा दस्तुरः

| | | | |
|---|---|---|---|
| | **Hematology** | | |
| S.N. | Test | Rate (Rs.) | Remark |
| 1 | CBC (TC, DC, Platelets, Hb%) | 200.00 | |
| 2 | RBC | 100.00 | |
| 3 | Platelets Count | 100.00 | |
| 4 | ESR | 50.00 | |
| 5 | Hemoglobin % | 50.00 | |

| | | | |
|---|---|---|---|
| 6 | Blood Grouping & Rh Type | 60.00 | |
| 7 | BT | 50.00 | |
| 8 | CT | 50.00 | |
| | **Biochemistry** | | |
| 1 | Blood Glucose ( Fasting/PP/ Random) | निःशुल्क | |
| 2 | Blood Urea | 100.00 | |
| 3 | Serum Creatinine | 100.00 | |
| 4 | Bilirubin Total | 100.00 | |
| 5 | Bilirubin (Direct) | 100.00 | |
| 6 | SGPT (ALT) | 100.00 | |
| 7 | SGOT (AST) | 100.00 | |
| 8 | Alkaline Phosphate | 100.00 | |
| 9 | Liver Function Taste (LFT) | 500.00 | |
| 10 | Triglyceride | 160.00 | |
| 11 | Total Cholesterol | 160.00 | |
| 12 | Cholesterol LDL | 50.00 | |
| 13 | Cholesterol HDL | 50.00 | |
| 14 | Cholesterol VLDL | 50.00 | |
| 15 | Lipid Profile | 400.00 | |
| 16 | Serum Uric Acid | 100.00 | |
| 17 | Urine Albumin | 50.00 | |
| | **Immunology and Serology** | | |
| 1 | VDRL | 120.00 | |
| 2 | HIV (RDT) | निःशुल्क | |
| 3 | PMTCT | निःशुल्क | |
| 4 | HBSAg | 120.00 | |
| 5 | HCV (RDT) | 160.00 | |
| 6 | Widal Test | 100.00 | |
| 7 | CRP Titer | 100.00 | |
| 8 | RA Factor | 100.00 | |
| 9 | ASO | 100.00 | |
| 10 | H. Pylori Ag | 200.00 | |
| | | | |
| | **Pathology** | | |
| 1 | Urine R/M/E | 50.00 | |
| 2 | Stool R/M/E | 50.00 | |
| 3 | Urine Pregnancy Test | 100.00 | |
| 4 | Occult Blood Test | 100.00 | |
| 5 | Sputum AFB | निःशुल्क | |
| | **ANC Package** | | |
| 1 | CBC | निःशुल्क | |
| 2 | CT | | |
| 3 | Blood Grouping & RH Type | | |
| 4 | Random Blood Glucose | | |
| 5 | HCV (RDT) | | |
| 6 | VDRL (RDT) | | |
| 7 | HIV (RDT) | | |
| 8 | HBsAg (RDT) | | |

| | | | |
|---|---|---|---|
| 9 | Urine R/M/E | | |
| **Others** | | | |
| 1 | Malaria (RDT) | निःशुल्क | |
| 2 | Dengue (RDT) | निःशुल्क | |
| 3 | Scrub Typhus (RDT) | निःशुल्क | |
| 4 | RK 39 Test | निःशुल्क | |

## अनुसुची १२

ऐतिहासिक, पुरातात्विक स्थलहरुको र अन्य मनोरञ्जन स्थलहरुमा विदेशी तथा आन्तरिक पर्यटकहरुलाई लगाइने प्रवेश शुल्क कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

-0-

**अनुसुची १३**

(ऐनको दफा १४ सँग सँग सम्बन्धित)

**फोहोर मैला व्यवस्थापन शुल्क**

१. **अस्पताल**

- सरकारी अस्पताल, निजी अस्पताल तथा मेडिकलबाट उत्पादन हुने फोहोर मैला व्यवस्थापन गर्न छुट्टै नीति बनाई कार्यान्वयन गरिने ।
- सामान्य फोहोर व्यवस्थापनको लागि अस्पताल/निजी अस्पताल मासिक रु ६००।-

औषधी जन्य उपचारमा प्रयोग भए पश्चात विषर्जित हुने उपकरण/सामग्रीहरुको निर्मलिकरण, सिरिन्जको सुई डिस्ट्रोय गरी मेडिकलजन्य संक्रमण हुने फोहोरहरु सम्बन्धीत अस्पताल/क्लिनिक/मेडिकलले नै व्यवस्थापन गर्नु पर्नेछ । निर्मलिकरण नगरी फोहोरमा मिसाएमा कसुर गरेको ठहरीनेछ । त्यस्तो कसुर गर्ने निजी क्षेत्रलाई नगरपालिकाले पहिलो पटक रु. ५,०००।- र दोस्रो पटक रु. २०,०००।- जरिवाना गर्ने छ। सो भन्दा बढी कसुर गरेमा व्यवसाय बन्द गरिदिनेछ । सरकारी भएमा त्यस्तो अस्पताल वा संस्थाको प्रमुखलाई विभागीय सजायका लागि सिफारिस गरि तलब भत्ता समेत रोक्का गर्न सक्नेछ ।

२. **घरायसी फोहोर संकलन बापत मासिक**

| क्र.सं. | विवरण | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
|---|---|---|---|
| १ | नगर क्षेत्रका फोहोर संकलन गरिने प्रति घर | रु. २००/- | रु. २००/- |
| २ | प्रति सटर (व्यवसाय सञ्चालन भएकोमा सि.नं.१ मा थपिने) | रु. १००/- | रु. १००/- |

३. **व्यवसायको प्रकृति अनुसार थप शुल्क मासिक**

| क्र.सं. | विवरण | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
|---|---|---|---|
| १ | सवारी साधन मर्मत चार पांग्रे र सो भन्दा माथिका ग्यारेज | रु. ८००/- | रु. ८००/- |
| २ | मोटरसाइकल वर्कसप | रु. ५००/- | रु. ५००/- |
| ३ | कवाडी संकलन व्यवसाय | रु. ७००/- | रु. ७००/- |
| ४ | बधशाला | रु. १०००/- | रु.१०००/- |
| ५ | रागो तथा बँगुरको मासु विक्रि पसल | रु. ४००/- | रु. ४००/- |
| ६ | खसि, बोका र कुखुराको मासु विक्रि पसल | रु. ३००/- | रु. ३००/- |
| ७ | तरकारी संकलन तथा होलसेल विक्री केन्द्र | रु. ३००/- | रु. ३००/- |

४. **सरकारी तथा अन्य नाफारहित संघ संस्थाको लागि मासिक**

| क्र.सं. | विवरण | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
|---|---|---|---|
| १ | सरकारी कार्यालय, बैंक, वित्तिय र अन्य संघ संस्था | रु. ३००/- | रु. ३००/- |



**आज्ञाले,**

**पुरुषोत्तम सुवेदी,**

**प्रमुख प्रशासकीय अधिकृत**